मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)
**Central Office:** Bidur-4 (Battar), Nuwakot, **Tel:** +977-10-561747/48 | **Liaison Office:** Sitapaila, Kathmandu, **Tel:** +977-01-5315936/37

चलानी नं. १२४० /२०८१/८२

मितिः २०८१/०९/०७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा काठमाण्डौं ।

विषय : बाह्रौं वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज कार्य बन्द (Book Close) को जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को १६६ औं सञ्चालक समितिको बैठकले यस वित्तीय संस्थाको बाह्रौं वार्षिक साधारण सभा मिति २०८१ माघ ०४ गते गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै बाह्रौं वार्षिक साधारण सभाको प्रयोजनार्थ मिति २०८१ पौष १९ गते यस संस्थाको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय समेत गरेको हुँदा सो कार्यको लागि आवश्यक व्यवस्था मिलाईदिन हुन हार्दिक अनुरोध छ । सो सम्बन्धित सूचना २०८१ पौष ०८ गतेको कारोबार दैनिकमा प्रकाशन गरिने व्यहोरा समेत जानकारी गरिन्छ ।

साथै बाह्रौं वार्षिक साधारण सभा मार्फत शेयरधनिहरूलाई ७.५ प्रतिशत बोनस शेयर र ०.३९४७ प्रतिशत नगद लाभांस (बोनस शेयरको कर प्रयोजनका लागि) गरी जम्मा ७.८९४७ प्रतिशत लाभांस यस संस्थाको साधारण सभाले स्वीकृत गरे पश्चात वितरण गरिने ब्यहोरा समेत जानकारीका लागि हार्दिक अनुरोध छ ।

संलग्न :

१. बाह्रौं वार्षिक साधारण सभाको सूचना ।

२. शेयर दाखिल खारेज कार्य बन्द बारेको सूचना ।

धन्यवाद ।

भवदीय,

रामहरि दाहाल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

बोधार्थ : श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, जानकारीका लागि ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं, जानकारी एवं आवश्यक कार्यार्थका लागि ।

श्री ग्लोबल आइएमई क्यापीटल लि, नक्साल, काठमाडौं, जानकारी एवं आवश्यक कार्यार्थका लागि ।

# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
## MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
**नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)**

Central Office: Bidur-4 (Battar), Nuwakot, Tel: +977-10-561747 | Liaison Office: Sitapaila, Kathmandu, Tel: +977-01-5315936/37
E-mail: meromicrofinance@gmail.com


## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८, कारोबार दैनिक)**

**शेयरधनी महानुभावहरू,**

मिति २०८१ साल पौष ०७ गते बसेको सञ्चालक समितिको १६६ औं बैठकको निर्णय अनुसार यस मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा देहाएको मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ संशोधन समेतको दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

सभा हुने मिति : २०८१ साल माघ ४ गते शुक्रवार।
स्थान : सिद्धार्थ होटल वाटर टावर, बिदुर -४, बट्टार, नुवाकोटको सभाकक्ष।
समय : बिहान ११:३० बजे।

**छलफलका विषयहरू :-**

**(क) सामान्य प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ०.३९४७ प्रतिशतले हुन आउने नगद लाभांश रू. ५२,१०,५२६/३२ (अक्षेरुपी बाउन्न लाख दश हजार पाँच सय छब्बीस र पैसा बत्तिस मात्र), बोनस शेयरको कर प्रयोजनका लागि दिने प्रस्तावमाथि छलफल गरी पारित गर्ने।

५. सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुन आउने रकम रू. ९,९०,००,०००/- (अक्षेरुपी नौ करोड नब्बे लाख मात्र) बराबरको बोनस शेयर जारी गर्ने।

२. बोनश सेयर वितरण पश्चात कायम रहने पूँजी संरचना संस्थापक सेयरधनीको तर्फबाट ५९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ४०.६० प्रतिशत रहेकोमा सो सेयर स्वामित्व परिवर्तन गरी संस्थापक सेयरधनीको तर्फबाट ५१ प्रतिशत र सर्वसाधारण सेयर धनीको तर्फबाट ४९ प्रतिशत कायम गर्ने।

३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख), (ग), (ङ) र (च) मा र नियमावलीको दफा २७ (२) आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

**(ग) विविध।**

**सञ्चालक समितिको आज्ञाले**
(कम्पनी सचिव)

**बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी:**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१ पौष १९ गतेका दिन यस संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ पौष १८ गतेसम्म कारोबार भई ५ कार्य दिनभित्र यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापिटल लि., नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र यस सभामा भाग लिन पाउने छन्।

२. यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि संस्थाको नियमावलीमा उल्लेख भए अनुसारको न्यूनतम १०० कित्ता शेयर धारण गरेको हुनुपर्नेछ। सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सम्पर्क कार्यालयमा प्रकाशित गरेबमोजिम हुनेछ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान ८ बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ।

४. वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन सम्बन्धी विवरण, प्रोक्सी तथा कागजातहरू सबै शेयरधनी महानुभावहरूको लागि यस संस्थाको वेबसाइट www.meromicrofinance.com बाट हेर्न र प्राप्त गर्न सकिनेछ।

५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै संस्थाको केन्द्रीय/सम्पर्क कार्यालयमा प्रोक्सी फाराम दर्ता गरिसक्नुपर्नेछ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकर्रर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रीय/सम्पर्क कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। प्रतिनिधि नियुक्त गरिने व्यक्ति पनि यस संस्थाको शेयरधनी हुनु आवश्यक छ, संगठित संस्थाको हकमा सो व्यवस्था लागू हुने छैन। प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमाभन्दा बढी हुने छैन।

६. नाबालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न, र मतदान गर्न समेत सक्नेछन तर शेयरवालाको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

७. संयुक्त रूपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ।

८. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुहुन अनुरोध छ।

९. अन्य जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय वा सम्पर्क कार्यालय, सीतापाईला, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं.: ९७७-१०-५६१७४७, ९७७-०१-५३१५९३६/३७**

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
Estd. 2069
HEAD OFFICE BATTAR NUWAKOT

# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

## MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)

Central Office: Bidur-4 (Battar), Nuwakot, Tel: +977-10-561747 | Liaison Office: Sitapaila, Kathmandu, Tel: +977-01-5315936/37

E-mail: meromicrofinance@gmail.com


## को बाह्रौं वार्षिक साधारण सभा प्रयोजनको लागि शेयर दाखिल खारेज कार्य बन्द बारेको सूचना

(प्रकाशित मिति २०८१/०९/०८ गते)

यस संस्थाको मिति २०८१ माघ ०४ गते बस्ने बाह्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१ पौष १९ गतेका दिन शेयर दाखिल खारेज कार्य बन्द गरिने ब्यहोरा शेयरधनीहरू लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ पौष १८ गतेसम्म कारोबार भई ५ कार्यदिन भित्र यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापिटल लि., नक्साल, काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र बाह्रौं वार्षिक साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने भएकाले सोही अनुसार नामसारी गर्नहुन समेत अनुरोध गर्दछौं ।

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. ★ HEAD OFFICE BATTAR NUWAKOT ★ Estd 2069